नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति, योजना तथा अनुगमन महाशाखा

फोनः ०१४२६२७०६

पान नं. | २ | ० | १ | ३ | ६ | ७ | ० | ५ | २ |

पत्र संख्याः २०८०।८१/२ नी.यो.अ.

चलानी नं. ९४०

रामशाहपथ,
काठमाडौं, नेपाल।

मितिः २०८०।१०।१७

विषयः पेश्की रकम भुक्तानी र फछ्र्यौट सम्वन्धमा।

श्री विभाग/केन्द्र/प्रतिष्ठान/अस्पताल/कार्यालयहरु (सबै)

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयले सबै मन्त्रालयहरुमा पठाएको च.नं. १४८ मिति २०८०।१०।०८ को परिपत्रको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाइएको छ। उक्त पत्रवाट व्यहोरा अवगत गर्नु भई पेश्की रकम भुक्तानी र फछ्र्यौट सम्वन्धमा सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

शालिग्राम चौधरी
लेखा अधिकृत

CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
दर्ता नं ४१५४
मिति २०८०।१०।११

कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा

पत्र संख्याः २०८०/८१/४.१

मितिः २०८०।१०।०८

चलानी नं.: १४८

विषयः पेश्की रकम भुक्तानी र फर्छ्यौट सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहदरबार।
श्री रक्षा मन्त्रालय, सिहदरबार ।
श्री गृह मन्त्रालय, सिहदरबार ।
श्री परराष्ट्र मन्त्रालय, सिहदरबार ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरबार ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिहदरबार।
श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिहदरबार।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिहदरबार।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिहदरबार।
श्री संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालय, सिहदरबार ।
श्री वन तथा वातावरण मन्त्रालय, सिहदरबार ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिहदरबार ।
श्री अर्थ मन्त्रालय, सिहदरबार ।
श्री सुचना तथा सञ्चार प्रविधि मन्त्रालय, सिहदरबार ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिहदरबार ।
श्री भूमी व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिहदरबार ।
श्री खानेपानी मन्त्रालय, सिहदरबार ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिहदरबार।
श्री सहरी विकास मन्त्रालय, सिहदरबार ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिहदरबार ।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिहदरबार ।

सरकारी भुक्तानीलाई थप व्यवस्थित, मर्यादित तथा सहज बनाउने गरी महालेखा नियन्त्रक कार्यालयले विभिन्न प्रणालीहरु विकास गरी समयसापेक्ष त्यसलाई परिष्कृत गर्दै लगिरहेको छ। जसमा सरकारी भुक्तानीलाई भुक्तानी प्राप्तकर्ताको खाता मार्फत गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेको छ। साथै भुक्तानीमा कर कट्टीलाई थप व्यवस्थित बनाउन Computerized Government Accounting System-CGAS+ र Integrated Tax System बिचमा अन्तरआवद्धता गरी अग्रिम कर कट्टी भएको रकम CGAS बाटै E-TDS गर्न सकिनेगरी प्रणालीमा सुधार गरिएको छ। विभिन्न सरकारी कामकाजका लागि विनियोजित बजेटबाट कार्यक्रम सञ्चालनका लागि पेश्की रकम भुक्तानी र पेश्की फर्छ्यौट गर्ने सन्दर्भमा सम्बन्धित संस्था/व्यक्ति/कर्मचारीलाई सोधभर्ना भुक्तानी वा सोझै भुक्तानी गर्न सकिने अवस्थामा पनि पेस्की लिएर रकम भुक्तानी गर्ने, आवश्यक रकम भन्दा बढी रकम पेश्की भुक्तानी गर्ने, समयमा पेश्की फर्छ्यौट नगर्ने, पेश्कीबाट कट्टा गरिएको अग्रिम कर वापतको रकम (TDS) समयमा दाखिला नहुने, अग्रिम कर बापतको रकमको E-TDS नगर्ने, संचालन नै नहुने कार्यक्रमका सागि समेत पेस्की लिई लामो समय पश्चात

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

**कोष ब्यवस्थापन तथा प्रणाली विकास शाखा**

फिर्ता गर्ने खालका समस्या देखिएको हुँदा कुनै कार्यक्रम संचालनका लागि पेश्की दिदाँ देहायबमोजिम गर्नु गराउनुहुन यस कार्यालयको मिति २०८०/०९/२६ को निर्णयानुसार अनुरोध छ ।

देहाय:

१. कुनै कार्यक्रम सञ्चालनका लागि पेश्की नलिई पनि प्रभावकारी रुपमा कार्य सम्पन्न गर्न सकिने अवस्थामा पेश्की नलिने र काम सम्पन्न भए पश्चात सम्बन्धित कर्मचारी/व्यक्ति सेवा प्रदायकलाई विद्युतीय रकम ट्रान्सफर (EFT) मार्फत सोझै सम्बन्धित कर्मचारी/व्यक्ति सेवा प्रदायकको बैंक खातामा रकम भुक्तानी गर्ने,

२. पेश्की लिनु पर्ने अवस्थामा पनि आवश्यक रकम मात्र पेश्की लिने र अन्य रकम सम्बन्धित कर्मचारी/व्यक्ति/सेवा प्रदायकको बैंक खातामा सोझै विद्युतीय रकम ट्रान्सफर (EFT) मार्फत भुक्तानी दिने,

३. कार्यक्रम संचालनको लागि लिइएको पेश्कीबाट रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी रकम भुक्तानी गरिएको अवस्थामा त्यसरी अग्रिम कट्टी गरिएको रकम पेश्की लिने कर्मचारी/व्यक्तिले नै E-TDS गर्ने र पेश्की रकम फछ्यौट गर्दा अग्रिम कर कट्टी रकमको अनिवार्य रुपमा E -TDS गरेको प्रमाण संलग्न गरेर मात्र फर्छ्यौट गर्ने।

४. कतिपय कार्यालयले पेश्की फर्छ्यौट गर्दा अग्रिम कर कट्टि बापतको रकम राजस्व दाखिला गर्ने गरेको देखिएकोले त्यसो गर्दा अग्रिम कर कट्टि रकम पेश्की लिने व्यक्तिको नाममा कायम हुने हुँदा सम्बन्धित व्यक्तिको नाममा नै भुक्तानीमा कर कट्टी नगरी कर कट्टी बापतको रकम राजस्व दाखिला गर्ने कार्य नगर्नुहुन।

(विष्णु प्रसाद बेलबासे)
लेखा अधिकृत

बोधार्थ:

कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

CamScanner